मिति २०८२/०२/२१ गते बसेको भिमाद नगरपालिकाको उन्नाइसौं विशेष नगर सभाका बैठकका निर्णयहरु:-

निर्णय नं. १

भिमाद नगरपालिकाको सत्रौं नगरसभावाट स्वीकृत भिमाद नगरपालिकाको विनियोजन ऐन, २०८१ वमोजिम स्वीकृत भएका तपसिल बमोजिमका वडा तथा नगरस्तरीय नयाँ योजनाहरु संशोधन तथा रकमान्तर गर्ने गरी नगर सभाका उपाध्यक्ष तथा बजेट तर्जुमा समितिका संयोजक श्री शारदा खनालले प्रस्तुत गर्नु भएको विनियोजन ऐन, २०८१ लाई संशोधन गर्न प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०८२ लाई सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिल

(क) वडा स्तरीय योजनाहरु

| क.सं. | साविक योजनाको नाम | योजना स्थल | वजेटरु. | संशोधन भै कायम हुने योजनाको नाम |
|---|---|---|---|---|
| १ | झोलुङ्गे पुल जाने पक्की नाला निर्माण योजना भिमाद- सि. नं. ८ | भिमाद -८ | ९,००,००० | झोलुङ्गे पुल जाने पक्की नाला निर्माण योजना रु ४,७०,००००/- |
| | | | | भागर जरेवर मोटरमार्ग कदमवोटे ठूलो पहिरो संरक्षण योजना रु ४,७०,००००/- |
| २ | भिमगोफा मोटरमार्ग स्तरोन्नति गोकोल्डी सिंगरभञ्याङ खण्ड ग्राभेल | भिमाद -४ | १,००,००० | वडा नं ४ ग्राभेल योजना |
| ३ | एक्ले खानेपानी योजना | भिमाद -५ | १,००,००० | वन्टयाङखोला कल्भर्ट मर्मत योजना |

(ख) नगर स्तरीय योजना तथा कार्यक्रमहरु:

| | | | | |
|---|---|---|---|---|
| १ | अपाङ्गता भएका व्यक्तिहरुका लगि जिवीकोपार्जन सम्वन्धी कार्यक्रम ( कच्चा पदार्थका लागि अनुदान) सि नं ६६ | सामाजिक विकास | १,७५,०००/- | अपाङ्गता भएका व्यक्तिहरुका लगि जिवीकोपार्जन सम्वन्धी कार्यक्रम (बटारे धुप वनाउने तालिम ) |

(ग) रकमान्तर गरिएको शीर्षकहरू

| क्र.स. | रकमान्तर गरी रकम घट्ने शिर्षक | रकमान्तर हुने रकम रु | रकमान्तर गरी रकम थप हुने शिर्षक |
| --- | --- | --- | --- |
| १ | पारिश्रमिक कर्मचारी (सि.नं. १ बाट) | १,२५,०००/- एक लाख पच्चिस हजार मात्र | फिल्ड भत्ता सि. न. ६ |
| २ | करार सेवा शुल्क(नगर प्रहरी, स्वास्थ्य संस्थामा कार्यरत कर्मचारी समेत सि.न. २८ बाट | १,००,०००/- एक लाख मात्र | |
| ३ | सि.न. ८ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २,५०,०००/- दुई लाख पचास हजार मात्र | औषधी उपचार तथा सहायता खर्च (कर्मचरी तथा पूर्व एवम वर्तमान पदाधिकारीहरु) |
| ४ | सि.न. ६४ भूमी सम्बन्धी समस्या समाधान कार्यक्रम | ५,००,०००/- पाँच लाख मात्र | |
| ५ | लागत सहभागितामा संचालन गरिने पूर्वाधार योजना, उत्पादन मुलक सामाग्रि खरिद समेत सि नं १५३ बाट | २०,००,००० विष लाख मात्र | नगर कार्यपालिकाको निर्णय अनुसार सडक सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आवका भुक्तानी बाँकी योजना समेत सि नं १५१ मा |

(घ) भिमाद नगरपालिका वडा नं. १ देखि ९ का वडा समितिको निर्णय बमोजिम सडक लगायत अन्य भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भारमा विनियोजन योजना तथा कार्यक्रमहरुः

| क्र.सं. | वडा नं. | योजनाको नाम | विनियोजन | जम्मा रकम रु |
| --- | --- | --- | --- | --- |
| १ | १ | मुख्य तथा शाखा सडक पहिरो सरसफाइ तथा मर्मत | २,००,०००/- | ४,००,०००/- |
| २ | | शाखा तथा मुख्य सडक पहिरो सरसफाइ तथा मर्मत सम्भार | २,००,०००/- | |
| ३ | २ | शाखा सडक अवरुद्ध खुलाउने योजना | ९९,०००/- | ६,२९,४५०/- |
| ४ | | विष्णुमाया सारु घर संरक्षण योजना | २८,०००/- | |
| ५ | | बन्दीछाप कृषि मोटर मार्ग | २५,४५०/- | |
| ६ | | कोटवाराही मन्दिर संरक्षण | ७,०००/- | |
| ७ | | उत्तर दक्षिण मोटर मार्ग रघु हदैगा सडक खण्ड | ५०,०००/- | |
| ८ | | किहुँमोटर मार्ग स्तरोन्नती | ५०,०००/- | |
| ९ | | हदैगा प्रतिक्षालय | ५०,०००/- | |
| १० | | पञ्चासेवाँध कुलो निर्माण संरक्षण योजना | १,००,०००/- | |
| ११ | | वडा नं २ वडाका शाखा सडक सरसफाइ योजना | १,२०,०००/- | |
| १२ | | वडा नं २ कार्यालय पार्किङ ट्रस निर्माण योजना | १,००,०००/- | |
| १३ | | दशै विशेष मोटर मार्ग सरसफाइ | २,१४,०००/- | |

| | | | | |
|---|---|---|---|---|
| १४ | ३ | दलित बस्ती मार्ग स्तरोन्नती योजना थप | ५०,०००/- | ६,०४,०००/- |
| १५ | | लोकतान्त्रिक मोटर मार्ग साँग मुखखण्ड जाली भर्ने योजना | ७०,०००/- | |
| १६ | | कोष नर आधारभूत विद्यालय भवन पलस्टर योजना | ७०,०००/- | |
| १७ | ३ | सालबास खानेपानी मुहान मर्मत योजना | ५०,०००/- | |
| १८ | | सुनाकोट पहिरो व्यवस्थापन योजना | ५०,०००/- | |
| १९ | | विवा कामीको घर निर्माण स्थलमा पहिरो व्यवस्थापन | २०,०००/- | |
| २० | | बाल शैक्षणिक मा.वि शिक्षकहरूका लागि शौचालय निर्माण योजना | ५०,०००/- | |
| २१ | | लोकतान्त्रिक मोटर मार्ग,भदौरे सेर्का भन्टाबारी मोटर मार्ग र जनहित शेर्का मोटर मार्ग सरसफाइ | ३०,०००/- | |
| २२ | ४ | खानीढाँट देखि लागडाँडा अधुरो मोटरमार्ग निर्माण योजना र पिरुङ्गडाँडा देखि बाहुन्दी डाँडा अधुरो मोटर | १,२२,६६४.८३/- | ५,८२,१००/- |
| २३ | | विपद वाटो सरसफाई | २१,८०००/- | |
| २४ | | भिमगोफादेखि मोटर मार्ग नाला निर्माण सि नं १४ मा थप | ७०,०००/- | |
| २५ | | देवतमन्ती देखि बेलौटिस्वारा अधुरो मोटर मार्ग निर्माण | ६०,८९३.४३/- | |
| २६ | | साउनेटारी मार्ग र करङ्वाँध मार्ग मर्मत | १८,७७७.११ | |
| २७ | | सोमिडाँडा अधुरो ट्र्याक निर्माण | ५४,८१७.८६ | |
| २८ | | कोर्के ओडार देखि ढोडे सम्म मोटरमार्ग स्तरोन्नती | ३६,९४७.६५ | |
| २९ | ५ | ऋषिङ्पाटन लदन आमडाँडा मोटरमार्ग | ९८,०००/- | ३,५४,०००/- |
| ३० | | शान्ती मार्ग | | |
| ३१ | | सुधार मार्ग | | |
| ३२ | | साउने शेर्का मोटर मार्ग | | |
| ३३ | | शितल मार्ग मर्मत योजना | ४७,०००/- | |
| ३४ | | अठ्ठाईस प्रतीक्षालय निर्माण योजना | १४,०००/- | |
| ३५ | | अठ्ठाईस बाहुन्दी मोटर मार्ग स्तरोन्नति योजना | १,००,०००/- | |
| ३६ | | बाह्मुरे कल्भर्ट निर्माण योजना | ५,०००/- | |
| ३७ | | दुम्सादी खानेपानी योजना | ५०,०००/- | |
| ३८ | | बराल थुम्की सिंढी निर्माण योजना | ४०,०००/- | |
| ३९ | ६ | सुन्दरटोल शुभटोल बाग्टार ढिक पहिरो नियन्त्रणको लागि तारजाली | २,००,०००/- | ९,७०,०००/- |
| ४० | | जलौदी सिमाना मार्ग स्तरोन्नती | २,००,०००/- | |
| ४१ | | डेनमार्क पहिरो ढिकमा तारवार योजना | १,००,०००/- | |
| ४२ | | जिदीखोला तटवन्धन योजना पुरानो कजवेदेखि शान्तिनगर सम्म | ३,००,०००/- | |
| ४३ | | जनज्योति क्याम्पस चमेना गृह छाना मर्मत योजना | १,३०,०००/- | |
| ४४ | | एकता टोल भविष्य निर्माण महिला समूहलाई वाद्यवादन सामग्री खरिद | ३०,०००/- | |
| ४५ | | शेर बहादुर कुमालको परिवारलाई आर्थिक सहयोग | १०,०००/- | |
| ४६ | ७ | वडा कार्यालय कम्पाउण्ड | ४,५९,९००/- | ५,५४,९००/- |
| ४७ | | शाखा सडक पहिरो पन्छाउने कार्य | ९५,०००/- | |
| ४८ | ८ | भागर जरेवर मोटरमार्ग स्तरोन्नती | १,४०,०००/- | १,४०,०००/- |
| ४९ | | पहिरो हटाई बाटो संचालनमा ल्याउन | १,१६,०००/- | ६,००,९५६/- |
| ५० | | पहिरो हटाई संचालनमा ल्याउन पुर्ण शाखाबाटो तथा पहिरो सरसफाई | ३३,५००/- | |

| | | | | |
|---|---|---|---|---|
| ५१ | ९ | रिठ्ठाभञ्ज्याङ शेराबेसी मोटर मार्गभालेढुङ्गा खण्ड मर्मत योजना | २,००,०००/- | |
| ५२ | | बरपोखरी पाथर्दी सडक संरक्षण तथा पहिरो नियन्त्रण योजना | २,००,०००/- | |
| ५३ | | कटनछाप टोलबासी र बुचाखानीमा.वि.लाई खानेपानीको लागि टंकी खरिद | ५१,४५६/- | |

(ङ) कार्यपालिकाको बैठकले विभिन्न मितिमा निर्णय गरि थप भएका योजना तथा कार्यक्रमहरुः-

| क्र.स. | योजनाको नाम | क्र.स. | योजनाको नाम | ठेगाना | रकम | निर्णय मिति |
|---|---|---|---|---|---|---|
| १ | सि.न. २१ पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च शिर्षक | १ | जनज्योति क्याम्पस विज्ञापन छपाई शुल्क | भिमाद ६ | २५,००० | १०/२१/२०८१ |
| २ | सि.नं.८५ भाषा कला साहित्य र संस्कृती संरक्षण तथा संवर्द्धन कार्यक्रम | १ | नुरी जामे मस्जीत समिति | भिमाद १ | २५,००० | १०/२१/२०८१ |
| ३ | सि.नं.१४६ अन्य खानेपानी योजनाहरु (पाइप खरिद तथा योजनाहरु) | १ | गुमान सिंह थापा | भिमाद २ | ३,०४३ | १०/२१/२०८१ |
| | | २ | टाँक बहादुर राना | भिमाद ९ | ८,६९६ | १०/२१/२०८१ |
| | | ३ | विष्णु माया वि.क. | भिमाद ५ | ५,८६१ | |
| | | ४ | गोपाल प्रसाद लम्साल | भिमाद ५ | ७,३२६ | |
| | | ५ | पिरुङ ढोडोङ्गे | भिमाद ४ | ४३,४८० | |
| ४ | सि.न. ९८ परम्परागत पेश व्यवसाय प्रवद्धन कार्यक्रम | १ | टिकावल कामी | भिमाद २ | १५,००० | ११/५/२०८१ |
| ५ | सि.न. ५७ परम्परागत साँस्कृति नृत्य संरक्षण | १ | युवा क्लब भिमाद | भिमाद | ५०,००० | १/४/२०८२ |
| ६ | सि.न. ६३ आदिवासि जनजाती | १ | नेपाल मगर संघ | भिमद | ५०,००० | १/४/२०८२ |
| ७ | सि.नं.१४८ लागत सहभागितामा खानेपानी आयोजनाको मर्मत तथा सम्भार (स्टेब्लाइजर खरिद समेत) | १ | सिभिल खानेपानी मोटर मिटर मर्मत | भिमाद ४ | ३०,००० | ११/५/२०८१ |
| ८ | सि.नं.१०८ विविध कार्यक्रम खर्च | १ | स्वतन्त्र विद्यार्थी युनियन जनज्योति | भिमाद ६ | २१,००० | ११/५/२०८१ |

| क्र.स. | योजनाको नाम | क्र.स. | योजनाको नाम | ठेगाना | रकम | निर्णय मिति |
|---|---|---|---|---|---|---|
| | | २ | सम्बृद्ध भिमकाली सरोकार समाज | भिमाद १ | २१,००० | |
| | | ३ | प्रेस चौतारी नेपाल | तनहुँ | २१,००० | |
| | | ४ | मिजार समाज नेपाल | दमौली | २१,००० | १/४/२०८२ |
| | | ५ | एकदेव आले स्मृती तथा चिन्तन प्रतिष्ठान | दमौली | ५०,००० | |
| ९ | सि.न. ३२ शिक्षा शाखा | १ | भिमाद नगरपालिका खेल प्रतियोगिता सहभागी दर्ता शुल्क | | ६७,३०० | ११/२२/२०८१ |
| १० | सि.न. १४२ जिदिखोला तटबन्धन योजना वडा नं. ०६ | १ | बिर्ता वाध संरक्षण योजना | भिमाद ६ | २,५०,००० | ०६/०२/२०८२ |
| | | २ | जिदी खोला तटबन्ध योजना | भिमाद ६ | १,५०,००० | |
| ११ | सि.नं.१५१ नगर कार्यपालिकाको निर्णय अनुसार सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सुधार एवं गत आ.व.को भुक्तानी बाँकी योजनाहरु समेत | १ | ऋषिङपाटन मोटर मार्गको वान्टाङ खोला किनार संरक्षण | भिमाद ५ | २६८,००० | ११/५/२०८१ |
| | | २ | भिम भैरव मोटर मार्ग अन्तरगत चिहान डाँडा रिठा भञ्याङ सडक खण्ड पहिरो सरसफाई | भिमाद ९ | ५६,००० | |
| | | ३ | पृथ्वी मा.वि. | भिमाद १ | ४०,००० | ११/२२/२०८१ |
| | | ४ | मंगलोदय मा. वि. | | १२६,७५० | |
| | | ५ | ज्ञानज्योति आ. वि. | भिमाद १ | ७०,००० | |
| | | ६ | प्रगतिशील आ. वि. | भिमाद ९ | ७०,००० | |
| | | ७ | प्रारम्भिक वातावरणिय मूल्याङ्कन प्रतिवेदन | भिमाद | १००,००० | |
| | | ८ | धुवाखोला माथिल्लो कुलो निर्माण र पहिरो फाल्ने | भिमाद ९ | ६८,००० | |
| | | ९ | सेरा मिरम्दी पागो खोला | भिमाद ९ | २००,००० | १२/२२/२०८१ |
| | | १० | जिदी खोला पुरानो कजवे देखि शान्तीनगर सम्म | भिमाद ६ | २५०,००० | |
| | | ११ | मौदी खोला उचाई कुना बाटो स्तरोन्नती | भिमाद ४ | ७८,००० | १/४/२०८२ |
| | | १२ | हिमालय मा.वि | भिमाद ८ | १८०,००० | |
| | | १३ | ३ नं. वडा कार्यालय घेराबार | भिमाद ३. | ६९,७७० | |
| | | १४ | सार्वजनिक शौचालय सञ्चलनको | भिमाद १ | ५०,००० | |
| | | १५ | शिब प्रा. वी. स्कूल मार्ग जाने बाटोको पहिरो संरक्षण | भिमाद | ५०,००० | |

| क्र.स. | योजनाको नाम | क्र.स. | योजनाको नाम | ठेगाना | रकम | निर्णय मिति |
|---|---|---|---|---|---|---|
| | | १६ | गडाडी बेलडाँडा मोटरमार्ग स्तरोन्नती योजना | भिमाद ४ | ३०,००० | |
| | | १७ | क्याङ्गदी देउराली मोटर मार्ग | भिमाद ९ | १,५४२,४६० | १/४/२०८२ |
| | | १८ | वाङटायङ खोला कल्भर्ट मर्मत योजनलाई | | २५९,००० | २/२०/२०८२ |
| | | १९ | आँपबोटे खेत सिचाई | भिमाद ५ | ९०६७५ | |
| १२ | सि.नं.१५३ लागत सहभागितामा सञ्चालन गरिने पूर्वाधार योजना, उत्पादनमुलक सामाग्री खरिद समेत | १ | ढुङ्गेकोल कुलो मर्मत | भिमाद ४ | ४७,००० | ११/५/२०८१ |
| | | २ | साठीमुरे बाँध तथा कुलो जाली मर्मत | भिमाद ७ | १२८,००० | |
| | | ३ | बरखोल बाँध मर्मत तथा संरक्षण | भिमाद ९ | १६८,००० | |
| | | ४ | धन्दुर खेत संरक्षण | भिमाद ९ | २५३,००० | |
| | | ५ | छत्तिसको खेत संरक्षण | भिमाद ७ | १६,००० | |
| | | ६ | शिया खानी रातडाँडा अन्वेषण डिप ट्यूवेल सिंचाई योजना संरक्षण | भिमाद-७ | १९,००० | |
| | | ७ | खहरे खेत संरक्षण योजना | भिमाद-३ | ४२,००० | |
| | | ८ | सुपारे बाँध निर्माण | भिमाद-६ | ४१८,००० | |
| | | ९ | कराङ बाँध | भिमाद-४ | ८,८०० | |
| | | १० | बेमरे बाँध | भिमाद-४ | १७,५०० | |
| | | ११ | सेरा मिरम्दी पागो खोला | भिमाद ९ | २००,००० | २२/१२/२०८१ |
| | | १२ | आले बगाले लिफ्टिङ खानेपानी योजना | भिमाद ७ | २००,००० | |
| | | १३ | सिग्दी खोला खेत संरक्षण | भिमाद ३ | १८२,००० | |
| | | १४ | देविलाल पौडेल सहित अन्य पाच जना | भिमाद ३ | १२०,००० | |
| | | १५ | जिदी खोला सिहाले नदि कटान नियन्त्रण योजनालाई | भिमाद २ | १३८,००० | २/२०/२०८२ |
| | | १ | तारजाली खरिद | | १,०००,००० | |
| | | २ | लहालहङ बाध मर्मत | भिमाद १ | ३५,००० | २२/१२/२०८१ |
| | | ३ | बाह्रमुरे खेत सिचाई | भिमाद ५ | ५०,००० | |
| | | ४ | चिसापानी खेत तटबन्ध योजना | भिमाद ४ | ४००,००० | |
| | | ५ | मैदीखोला भाङबारी खेत संरक्षण | भिमाद २ | २००,००० | |
| | | ६ | रिपाङदी खेत संरक्षण | भिमाद १ | ३३,००० | |

| क.स. | योजनाको नाम | क.स. | योजनाको नाम | ठेगाना | रकम | निर्णय मिति |
|---|---|---|---|---|---|---|
| | | ७ | पार्वति वि.क. | भिमाद ५ | २००,००० | |
| | | ८ | विवा कामी | भिमाद ३ | २००,००० | |
| | | ९ | काले कामी | भिमाद ९ | २००,००० | |
| | | १० | चेत बहादुर वि.क | भिमाद ९ | २००,००० | |
| १३ | सि.न. ७८ विपद व्वस्थापन | ११ | विजुली दमाई | भिमाद-१ | २५,००० | |
| | | १२ | सम्झना गुरुङ्ग | भिमद-२ | १५,००० | |
| | | १३ | धन बहादुर गुरुङ्ग | भिमाद-९ | २०,००० | |
| | | १४ | कृष्ण प्रसाद गैहे | भिमाद-५ | २५,००० | २/६/२०८२ |
| | | १५ | अनुप सिमल थापा | भिमाद-२ | २०,००० | |
| | | १६ | झक मोहन सार्की | भिमाद-२ | १५,००० | |
| | | १७ | हेम बहादुर कुमाल | भिमाद-४ | १०,००० | |
| | | १८ | श्रीमाया पौडेल | भिमाद-५ | २५,००० | |
| | | १९ | लक्ष्मी श्रेष्ठ | भिमाद-५ | १०,००० | |
| | | २० | कृष्ण कुमारी श्रेष्ठ | भिमद-५ | २५,००० | |
| | | २१ | मान कुमारी श्रेष्ठ | भिमाद-५ | २०,००० | |
| | | २२ | चुन कुमारी श्रेष्ठ | भिमाद-५ | २०,००० | |

(च) आ.ब. २०८०/०८१ गण्डकी प्रदेश सरकारबाट प्राप्त गर्नुपर्ने समानिकरण अनुदानको रकम कार्यपालिकाको मिति २०८१/०३/२६ गतेको निर्णय बमोजिम सडक, सिंचाई तथा अन्य भौतिक पूर्वाधार निर्माण मर्मत सम्भार एवं गत आ.ब का भुक्तानी हुन बाँकी शीर्षकबाट तपसिल बमोजिमका योजनाहरूको भुक्तानी गरेको हुँदा उक्त निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

तपशिल

| क.सं. | योजनाको नाम | योजना स्थल | विनियोजित बजेट रु. | मूल्याङ्कन बमोजिम भुक्तानी दिनुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | सिद्धथान गरगरे चोक मोटरमार्ग स्तरोन्नती योजना | १ | २००००० | १८२८४० | |
| २. | उब्दी खैरी गैह्रा मोटरमार्ग स्तरोन्नती योजना | १ | १००००० | ९१७५२ | |
| ३. | रातामाटे कुणादी देखि इन्द्रचोक मोटरमार्ग स्तरोन्नती योजना | १ | ३५०००० | ३४१२५० | |
| ४. | घुर्लिस्वरा मस्जिद संरक्षण पर्खाल निर्माण योजना | १ | २००००० | १६५००७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | इन्द्रचोक दलित सामुदायिक अधुरो भवन निर्माण योजना | १ | २५०००० | २४०१२४ | |
| ६. | प्रहरी चौकी काउले जाने बाटो निर्माण तथा सरसफाई योजना | १ | १००००० | ९६७०४.७९ | |
| ७. | गाछेधारा आधामारा संरक्षण पर्खाल निर्माण योजना | १ | १५०००० | १९५००० | विनियोजित बजेटबाट निर्माण कार्य अधुरो हुने भएको कारण २लाखको लागत अनुमान धई सोहि अनुसमार सम्झौता भएकोले मूल्याङ्कन बमोजिम रु.५० हजार थप भुक्तानी दिने |
| ८. | डोडेकुलो निर्माण तथा आरएमसी खेलमैदान निर्माण योजना | २ | २००००० | १८९६११ | |
| ९. | मण्डली आमा समूह भवनमा पक्की शौचालय निर्माण योजना | २ | १००००० | ९४०९३ | ७०/३० को लागत साझेदारी |
| १०. | भलिवल खेलमैदान जाली तथा नेवार पँधेरो सिँढी निर्माण योजना | २ | २००००० | १७७९१० | |
| ११. | सम्धीमार्ग स्तरोन्नती योजना | २ | २००००० | १९४२७४ | |
| १२. | आम्बोटे देखि कोटबराही मोटरमार्ग ढलान तथा पक्कीनाला निर्माण योजना | २ | २००००० | १९५००० | |
| १३. | उब्दी ठाडो गोरेटो बाटो मर्मत योजना | १ | २००००० | १५४०३७ | प्र.म. |
| १४. | देउराली चौतारी देखी बराल्टु गोरेटो बाटो मर्मत योजना | १ | १५०००० | १२३५०५ | प्र.म. |
| १५. | खेलमैदान देखी कोटेली सम्म पर्यटन पदमार्ग निर्माण योजना | १ | २००००० | १३९८१६ | प्र.म. |
| १६. | उखु पेल्ने मेशिन खरिद तथा वितरण कार्यक्रम (७०% अनुदानमा) | ५ | ३५०००० | | |
| १७. | प्रथम पञ्चवर्षिय आवधिक योजनाको समिक्षा तथा दोस्रो आवधिक योजनाको अवधारणापत्र तयारी | | ३००००० | | नगरकार्यपालिकाको निर्णय बमोजिम गरिने विविध चालु कार्यक्रम र गत आ.व.का भुक्तानी बाँकी चालु कार्यक्रम |

**निर्णय नं. २**

महालेखा परीक्षकको कार्यालय प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी प्रदेश काठमाडौंको पं. स. २०८१/०८२ च.नं FAR/2080-81/LOC/620, मिति २०८२।०२।०९ को पत्रबाट प्राप्त भएको यस नगरपालिकाको आ.व. ०८०/८१ को अन्तिम लेखा परिक्षण प्रतिवेदन बमोजिम नियमित गर्नु पर्ने प्रकृतिका वेरुजुहरु नियमितको लागि भिमाद नगरपालिकाको लेखा समितिबाट निर्णय भई लेखा समितिका संयोजक श्री विर बहादुर बस्यालले प्रस्तुत गर्नु भएको प्रस्ताव छलफल गरी तपसिल बमोजिम नियमित गर्ने निर्णय गरियो ।

१. दफा नं १७.२ मा उल्लेखित दरबन्दी बेगर कर्मचारी नियुक्ति लाई बन्द गर्नुपर्नेमा दरबन्दी बेगर करारका कर्मचारीको सेवा करार कायम राखी पालिकालाई रु.७६,९५४।– थप व्ययभार पारेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने भनि बेरुजु उल्लेख भएकोमा यस नगरपालिकाको स्वीकृत दरबन्दीमा सि डि ई नवौं/दशौं १ जना र इन्जिनियर सातौं/आठौं १ जना गरी २ जना अधिकृत स्तरका इन्जिनियरको स्थायी दरबन्दी रहेको तर सि डि ई को दरबन्दी रिक्त रहेको अवस्थामा, नगरपालिकाको कार्यवोझ समेतलाई दृष्टिगत गरी १ जना अधिकृत छैठौं स्तरको तलव खाने गरी इन्जिनियर करारमा राखी पदपूर्ती गरी सेवा संचालन गरिएको र १ जना सि डि ई को पदपूर्ती पछि

उक्त पद स्वतः खारेज भई कर्मचारीको सेवा करार समाप्त गरिने भएको हुँदा, सेवा करार सम्झौता अनुसारको कार्य लगाई पारिश्रमिक भुक्तानी गरिएकोले यसरी गरिएको पदपूर्तिबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा यस दफामा उल्लेखित बेरुजु रु.७६,९५४।– नियमित गर्ने निर्णय गरियो ।

२. दफा नं १९ उल्लेखित पालिकाले नगर प्रमुखको तोक आदेश र कार्यपालिकाको निर्णयका आधारमा वितरण गर्ने गरी अन्य खानेपानी योजनाहरु (खानेपानी पाईप खरिद तथा वितरण) शिर्षकबाट विभिन्न व्यक्तिलाई पाईप खरिद वापत रु ६,०९,६३४.०० तथा विभिन्न विद्यालयको फर्निचर, तारबार तथा प्रिन्टर खरिद शिर्षकबाट रु ९,६४,३९४.०० गरी कुल रु १५,७४,०२८ वितरण गरेको पाईयो । आर्थिक सहायता शिर्षकबाट नगर प्रमुखको तोक आदेश तथा कार्यपालिकाको निर्णयबाट नगदै वितरण गरेको तथा विद्यालयहरुको सहयोगार्थ भवन मर्मत गर्ने, घेराबार लगाउने, शौचालय निर्माण गर्ने, पुस्तकालय निर्माण तथा अन्य विविध सहयोगको लागि छुट्टै योजना बनाएर बजेटबाटै व्यवस्था गरेको अवस्थामा समेत यसरी पुनः छुट्टै शिर्षक राखी तोक आदेशका आधारमा भुक्तानी गर्नेकार्य नियमसम्मत नदेखिएको भनि रु.१५,७४,०२८।– बेरुजु उल्लेख भएकोमा उक्त शिर्षक अनुसार भएको खर्च मध्ये अन्य खानेपानी योजनाहरु (खानेपानी पाईप खरिद तथा वितरण) शिर्षकबाट विभिन्न व्यक्ती र खानेपानी उपभोक्ता समितिबाट प्राप्त निवेदनका आधारमा नगरप्रमुखको तोकादेश एवं नगरकार्यपालिकामा निर्णय गरी खानेपानी जस्तो नागरिकको आधारभुत आवश्यकता सम्बन्धी समस्या समाधानका लागि खर्च गरिएको र विद्यालयको आवश्यकता अनुसार भौतिक निर्माण, मर्मत सम्भार, शैक्षिक सामाग्रि व्यवस्थापन (नगर प्रमुख स्तरबाट खर्च गर्ने गरी) शिर्षकमा नगरसभाबाट रु. १२ लाखको बजेट राखी नियमित कार्यक्रमबाट विद्यालयको आवश्यकता पुरा नभएको अवस्थामा तत्कालका समस्या समाधानका लागि विद्यालयको घेरावार, फर्निचर, कम्प्युटर लगायतका सामाग्रि खरिद प्रयोजनार्थ यो शिर्षकबाट खर्च लेखिएको हुँदा दुवै शिर्षकबाट भएको खर्च नगरपालिकाले सम्बोधन गर्नुपर्ने क्षेत्रमा राख्नुपर्ने लेखा स्रेस्ता राखि खर्च गरिएको, दिनुपर्ने भुक्तानी भन्दा बढी भुक्तानी नभएको र यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा यस दफामा उल्लेखित बेरुजु रु.१५,७४,०२८।– नियमित गर्ने निर्णय गरियो ।

३. दफा नं ३० मा उल्लेखित कार्यपालिकाले मिति २०८०।०६।११ मा निर्णय गरी अन्य योजनाहरुमा रकमान्तर गरेको निर्णय नगर सभाबाट अनुमोदन भएको नदेखिएकोले सभाको अनुमोदन बेगर भएको रकमान्तर नियम सम्मत नदेखिएकोले २८,००,०००।- नियमित हुनु पर्ने भनि बेरुजु उल्लेख भएकोमा हरेक बर्ष बस्ने हिँउदे नगरसभाबाट कार्यपालिकाको निर्णय अनुमोदन गर्ने गरिएको र मिति २०८०।११।१४ मा बसेको नगरसभामा रकमान्तर सम्बन्धी अन्य सबै निर्णयहरु अनुमोदन भएको भएतापनि मिति २०८०।०६।११ को नगर कार्यपालिकाको निर्णयलाई अनुमोदन गर्न छुटेको र यसरी छुटेको भएतापनि नगरकार्यापालिकाको निर्णय अनुसारका योजना कार्यन्वयन भएका, हुनुपर्ने भुक्तानी भन्दा बढी भुक्तानी नभएको तथा यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा यस दफामा उल्लेखित बेरुजु रु. २८,००,०००।- नियमित गर्ने निर्णय गरियो ।

४. दफा नं ३९ मा उल्लेखित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को व्यवस्था अनुसार उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीलाई लघु उद्यम विकास सम्बन्धी तालिम सञ्चालन गर्नुपर्नेमा पालिकाले यस वर्ष सेवा क्षेत्रसँग सम्बन्धित हलुका सवारी चालक तालिम सञ्चालनमा रु.३,९१,५००।- खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने भनि बेरुजु उल्लेख भएकोमा, उद्यम विकास कर्यक्रम अन्तर्गत उद्यमीलाई लघु उद्यम विकास सम्बन्धी सिप विकास तालिम संचालन गर्नुपूर्व लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ दफा २२ मा उल्लेखित बजार श्रोत तथा सम्भाव्यता अध्ययन, घरधुरी सर्वेक्षण, समुह निर्माण र क्षमता बृद्धि कार्यक्रम संचालन गरी सहभागिकै माग बमोजिम उद्यमशिलता विकास तालिम संचालन गर्नुपर्ने व्यवस्था भएको र यो कार्यक्रम संचालन पूर्व यी प्रकृया पूरा गर्दा सम्बन्धित लाभग्राहिहरुबाट हलुका सवारी चालक तालिम संचालनका लागि माग आई सोही तालिम कार्यक्रम संचालन गरिएको हो । यसबाट २७ जना सहभागिलाई हलुका सवारी चालक सम्बन्धित सिप सिकाई स्वरोजगारका लागि अवसर सृजना गरिएको र नियमपूर्वक यो खर्च गरिएको, भुक्तानी हुनुपर्ने भन्दा बढी रकम भुक्तानी नगरिएको साथै यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा यस दफामा उल्लेखित बेरुजु रु.३,९१,५००।- नियमित गर्ने निर्णय गरियो ।

५. दफा नं ४१.२ मा उल्लेखित सार्वजनिक खरिद नियमावली २०६४ को नियमावली ११८ अनुसार भेरिएसन आदेश अधिकार प्राप्त अधिकारीबाट स्वीकृत हुनुपर्नेमा विद्यालयका प्रधानाध्यापक तथा निर्माण व्यवसायी बिच सम्झौता भएकोमा मिति २०८१।०३।१४ मा परिमार्जित ठेक्का सम्झौता गरी शुरु सम्झौताको ९.७५ प्रतिशतले हुने रु ५७९९८९.०७ थप गरी भेरिएसन गरेको पाईयो । नियमावली अनुसार रा.प. द्धितीय श्रेणीको सार्वजनिक निकायको प्रमुखबाट ५ प्रतिशत भन्दा बढी रकमको भेरिएसन स्वीकृत गर्न सक्ने नदेखिएको हुँदा सो भेरिएसन नियम सम्मत नदेखिएको भनि रु. ५,७९,९८९।- बेरुजु उल्लेख भएकोमा भिमाद नगरपालिका सार्वजनिक खरिद नियमावली,

२०८० को नियम १३०(१)(ख) बमोजिम १५ प्रतिशत सम्मको भेरिएसन नगर प्रमुखले जारी गर्न सक्ने व्यवस्था बमोजिम भिमाद नगरकार्यपालिकाको मिति २०८१।०३।१४ को नगर प्रमुख स्तरीय निर्णयबाट भेरिएसन आदेश स्वीकृत भएको हुँदा यस्मा नियमानुसारको कार्य भएको र फिल्डमा निर्माण भएको कार्यको भुक्तानी गरी कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा यस दफामा उल्लेखित बेरुजु रु. ५,७९,९८९।– नियमित निर्णय गरियो ।

६. दफा ४४ मा उल्लेखित पालिकाले राष्ट्रपति रनिङ शिल्ड तथा मेयरकप खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन शिर्षकमा विनियोजित बजेटबाट पोखरामा आयोजित खेल महोत्सवको लागि आर्थिक सहयोग बापत सूर्यतारा क्लब पोखरालाई रु.५०,०००।- भुक्तानी गरेकोले तोकिए भन्दा फरक कृयाकलापमा खर्च गरेको नियमसम्मत नदेखिएकोले नियमित हुनुपर्ने भनि रु.५०,०००।– बेरुजु उल्लेख भएकोमा उक्त कार्यक्रममा नगरपालिकाबाट रकम उपलब्ध गराउने सम्बन्धि मिति २०८१।०३।०६ को नगरकार्यपालिकाको निर्णय अनुसार उक्त संस्थाको बिल भरपाई राखी खर्च लेखिएकोले भुक्तानी हुनुपर्ने भन्दा बढी रकम भुक्तानी नगरिएको साथै यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा अब पछिका दिनमा यस्ता खर्च नगर्ने प्रतिबद्धता सहित यस दफामा उल्लेखित बेरुजु रु.५०,०००।- नियमित गर्ने निर्णय गरियो ।

७. दफा नं ४८ मा उल्लेखित पालिकाले मालेबगर फर्निचर भित्रि सडक नाला निर्माण र कालोपत्रे योजना उपभोक्ता समितिलाई दिएकोमा उक्त कार्य मध्ये देहाय अनुसार कालोपत्रे गर्ने कार्य जटिल र प्राविधिक ज्ञान आवश्यक पर्ने प्रकृतिको कार्य भएकोले उपभोक्ता समितिबाट गराई भुक्तानी भएको रकम नियम सम्मत नदेखिएको नियमित हुनुपर्ने भनि रु.४,६१,९२१।– बेरुजु उल्लेख भएकोमा उक्त कार्य उपभोक्ता समितिबाट गरिएको भएतापनि कामको गुणस्तरका सम्बन्धमा कुनै समस्या नरहेको, फिल्डमा भएको बास्तविक परिमाणको कार्य नापजाँच गरी नियमानुसार भुक्तानी गरिएको र यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएकोले यस दफामा उल्लेखित बेरुजु रु.४,६१,९२१।- नियमित गर्ने निर्णय गरियो ।

८. दफा नं ४९ मा उल्लेखित कार्यालयले किहुमार्ग कालोपत्रे योजनामा बि.ओ.क्यू. भन्दा बढी हुने गरी कार्य गरी भुक्तानी गरेका देहाय अनुसारको आईटममा भएको भुक्तानी नियम सम्मत नदेखिदा प्राविधिक पुष्टयाई सहित भेरिएसन आदेश स्वीकृत गरी नियमित हुनुपर्ने भनि रु. ५,९१,५१७।– बेरुजु उल्लेख भएकोमा यसै साथ संलग्न प्राविधिक पुष्टयाई सहितको भेरिएसन आदेशका आधारमा, फिल्डमा भएको बास्तविक परिमाणको कार्य नापजाँच गरी नियमानुसार भुक्तानी गरिएको र यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएकोले यस दफामा उल्लेखित बेरुजु रु.५,९१,५१७।- नियमित गर्ने निर्णय गरियो ।

९. दफा ५५.१ मा उल्लेखित अस्पतालको र्‍याम्प र सिडी लगायतका संरचना निर्माण गरीने क्षेत्रमा कडा चट्टान रहेको स्पष्ट देखिएको अवस्थामा समेत कडा चट्टान कटान गर्नु पर्ने भनी सिफारिस नगरी साधारण माटो खन्ने कार्य भनी सिफारिस गरेको देखिदा यसरी बास्तविक बस्तु स्थितिको अध्ययन बिना हचुवाका भरमा DPR तयार गरी पेश गर्ने परामर्शदातालाई पालिकाले आर्थिक वर्ष २०७७।७८ मा रु.१९,९१,६२५।- भुक्तानी गरेको रकम सम्बन्धित परामर्शदातालाई जिम्मेवार बनाई नियमित हुनु पर्ने भनि बेरुजु उल्लेख भएकोमा यस सम्बन्धमा यस कार्यालयबाट परामर्शदाता अरनिको इन्जिनियर्स प्रा.ली. लाई च नं ३१८१, मिति २०८२।०२।०८ को पत्रबाट बेरुजुको सम्पूर्ण व्यहोरा उल्लेख गरी जवाफ माग गरिएकोमा सम्बन्धित परामर्शदाताबाट २०८२।०२।१८ मितिको पत्र सहित लागत अनुमान तयार गर्नुअघि Soil को Bearing capacity पत्ता लगाउन Soil test भएको, Hospital को सम्पूर्ण Area र पुरानो संरचनाको वस्तु स्थिति झल्कने गरी Total station survey बाट Map तयार भएको । Structural drawing, Archectural Drawing, Sanitary and Electrical Drawing तयार गरी नगरपालिकामा सोको Presentation पनि गरिएको । सामान्यतया Soil Test Report का आधारमा सो 15-Bed Hospital Building को Footing, Footing design बाट Isolated/combined Footing हुन गएको । Isolated/combined Footing, Shallow Footing अन्तर्गत पर्ने र सो समयमा निर्माण स्थलको माथिल्लो भागमा Gravel sand mixed soil देखिएकाले Shallow depth सम्म All type of soil भएको अनुमान गरी लागत अनुमान तयार भएको व्यहोरा अनुरोध गर्दै नेपाल सरकारलाई कुनै हानी नोक्सानी नपर्ने गरी पूर्ण रुपमा जिम्मेवार रही Design, Drawing र Estimate तयार भएकोले भुक्तानी भएको रकम नियमित गरी पाउँ भनी यो निवेदन पेश गर्दछु । साथै Invisible Item, unforeseen item, लागत अनुमानमा छुट तथा त्रुटी हुने/भएका Item हरुको हकमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम सार्वजनिक निकायले भेरिएसन स्वीकृत गर्ने अधिकार सम्बन्धि व्यवस्था तथा प्रावधान रहेको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु भनि जवाफ प्राप्त भएको साथै यो डि पि आर स्वास्थ्य मन्त्रालयबाट स्वीकृत भई निर्माण कार्य भैरहेको अवस्था समेत हुँदा यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएको हुँदा यस दफामा उल्लेखित बेरुजु रु.१९,९१,६२५।– नियमित गर्ने निर्णय गरियो ।

१०. दफा नं ६० मा उल्लेखित भिम देउरालीमा ढलान सहितको मोटरबाटो निर्माण कार्य, ग्याबियन जाली भर्ने कार्य तथा नाला निर्माण कार्यको रु. १९,५८,९७१.८७ को लागत अनुमान भएको निर्माण कार्य सम्बन्धित निर्माण उपभोक्ता समितिले रु.७,५३,९८३.३८ को मात्र कार्य गर्दा समेत कार्य स्वीकार प्रतिवेदन जारी गरी सम्बन्धित निर्माण उपभोक्ता समितिको जनसहभागिता कट्टि गरी भुक्तानी गरेको रु.६,७३,०८८।- नियम सम्मत नदेखिएको भनि बेरुजु उल्लेख भएकोमा कुल निर्माण सम्झौताका आईटमहरु मध्ये स्वीकृत स्पेशिफिशेन बमोजिम भएको कार्यको नापजाँच गरी भुक्तानी गरिएको हुँदा यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएकोले यस दफामा उल्लेखित बेरुजु रु.६,७३,०८८।- नियमित गर्ने निर्णय गरियो ।

११. दफा नं ६१ मा उल्लेखित पालिकाले गैह्रि स्वारा धारापानी मोटरमार्ग ढलान कार्यको लागी लागत अनुमान बनाउदा जनज्योती मार्ग देखी ३९.५ मिटर लम्बाईमा ढलान गर्न ०.१० मिटर मोटाईको ढलान गर्ने गरी स्वीकृती गरेकोमा निर्माण उपभोक्ता समितिले केवल ०.०८ मिटर मोटाईमा मात्र ढलान कार्य गर्दा समेत स्वीकार गरी भुक्तानी गरेको र यस योजनाको ३८ मिटर लम्बाईमा १०.६४ घ.मी. कंक्रिट कार्य वापत प्रति घ.मी. रु ९२३४.०२ का दरले भुक्तानी गरेको रु. ९८२४९.९८ स्वीकृत लागत अनुमान र सडकको स्पेसिफिकेशन बमोजिम भएको नदेखिदा सोको प्राविधिक पुष्ट्याई सहितको निर्माण कार्य सच्याईएको प्रमाण सहित नियमित हुनु पर्ने भनि रु. ९८,२५०।- बेरुजु उल्लेख भएकोमा यस सम्बन्धमा नगरपालिकाको प्राविधिक शाखाबाट प्राप्त प्राविधिक पुष्ट्याई यसै साथ संलग्न रहेको र उक्त पुष्ट्याई बमोजिम निर्माण कार्यमा घटी मोटाईको कार्य हुँदा परिणाम हिसाब गरी घटी नै रकम भुक्तानी गरिएको एवं यसबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य नभएकाले यस दफामा उल्लेखित बेरुजु ९८,२५०।- नियमित गर्ने निर्णय गरियो ।

१२. दफा ६२ मा उल्लेखित पालिकाले single stage single Envelope विधिबाट खरिद गर्ने गरी खरिद कार्य गरेकोमा समेत व्यवसायको Turnover औषतमा रु २७ लाख, Technical Experience दुई वर्षको हुनु पर्ने तथा एउटा ठेक्का कम्तिमा रु २३,१८,८७५.०० को सफलता पुर्वक पुरा गरेको हुनु पर्ने गरी शर्त राखेको पाईयो । बोलपत्रमा सहभागी आपुर्तिकर्ता मध्ये Zenex Automation pvt.Ltd. ले सबै भन्दा घटी रु २९,९९,५००.०० कवोल गरेकोमा समेत पालिकाको मुल्याङ्कन समितिले योग्यताका कागजात अनलाईनमा अपलोड नगरेको भनी सो आपुर्तिकर्ता अयोग्य ठहर गरी रु. ३४,२८,४२०.०० कवोल गर्ने J&J Traders Pvt.ltd. लाई योग्य बनाउने गरी प्रतिवेदन पेश गरेको पाईयो । यसरी शर्त राख्दा सबै भन्दा घटी कवोल गर्ने कवोलकर्ता अयोग्य ठहर गरी पालिकालाई रु.४,२८,९२०.०० थप व्ययभार परेको रकम नियम सम्मत नदेखिएको भनि बेरुजु उल्लेख भएकोमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २५ को उपनियम २ अनुसार यस नियम बमोजिम बोलपत्रदाता वा प्रस्तावदाताको योग्यता र प्राविधिक क्षमता प्रमाणित गर्ने आधार माग गर्दा सार्वजनिक निकायले मालसामानको प्रकृति, परिमाण, महत्व वा प्रयोग अनुसार देहायका मध्ये कुनै वा सबै कागजात माग गर्न सक्नेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

क. बोलपत्रदाताले विगत तीन बर्षको अवधिमा सरकारी निकाय वा निजी संस्थालाई आपूर्ती गरेको मालसामानको प्रकृति, परिमाण, सम्झौता रकम, मिति र त्यस्तो सरकारी निकाय वा निजी संस्थाको नाम र ठेगना,

ख. खरिद गरिने मालसामान जटिल वा असाधारण प्रकृतिको भएमा सम्बन्धित सार्वजनिक निकाय आँफैले वा त्यस्तो निकायको तर्फबाट बोलपत्रदाता वा पूर्व योग्यताको प्रस्तावदाता संस्थापित भएको देशको आधिकारिक निकायले निजको उत्पादन क्षमता जाँच गरेको कागजात,

ग. आधिकारीक गुणस्तर नियन्त्रण संस्था वा मान्यता प्राप्त निकायले खरिद गरिने मालसामानको निरिक्षण गरी त्यस्तो मालसामानको स्पेशिफिकेशन र गुणस्तर सम्बन्धमा दिएको प्रमाणपत्र,

घ. आपूर्ती गरिने मालामानको आधिकारिकता प्रमाणित गर्न आवश्यक पर्ने नमुना, पुरक विवरण वा फोटोहरु,

ङ. सब-कन्ट्रयाक्टरबाट गराउन चाहेको आपूर्ती सम्बन्धी कामको अनुपात ।

उक्त व्यवस्था अनुसार पाँच वटा सम्म योग्यताका आधार तोक्न सक्ने व्यवस्था भएकोमा पालिकाले यो खरिदमा खण्ड क. को योग्यताका आधार सँग मिल्ने आधारहरु जस्तै व्यवसायको Turnover औषतमा रु.२७ लाख, Technical Experience दुई वर्षको हुनु पर्ने तथा एउटा ठेक्का कम्तिमा रु.२३,१८,८७५.०० को सफलता पुर्वक पुरा गरेको हुनु पर्ने गरी शर्त तोकिएको र कुल लागत अनुमान ३५,६७,५००।- रहेको Smart TV, Laptop, Smart Tablet, color Printer, desktop computer लगयतका सामान खरिदको ठेक्कामा उक्त शर्त हरु तोक्न सकिने नै भएको र यसरी शर्त तोक्दा कार्यालयको स्वीकृत स्पेशिफिकेशन अनुसारका गुणस्तरीय सामाग्रि प्राप्त भई खरिद कार्य सफलतापूर्वक सम्पन्न

भएको हुँदा यो खरिदबाट कुनै सरकारी हानी नोक्सानी हुने कार्य भएको नदेखिएकोले यस दफामा उल्लेखित बेरुजु रु. ४,२८,९२०।– नियमित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

भू-उपयोग ऐन, २०७६ र सोही नियमावली, २०७९ अनुसार भिमाद नगरपालिकाको भू-उपयोगको क्षेत्र वर्गीकरण गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएकोमा विभिन्न व्यक्तिहरुले आफ्नो जग्गाको भू उपयोग क्षेत्र परिवर्तन गरिदिने भने प्रस्ताव प्रस्तुत गर्नु भएको लेखा समितिका संयोजक श्री प्रकाश श्रेष्ठले प्रस्तुत गर्नु भएको प्रस्ताव बमोजिम २०८१ माघ महिना देखि २०८२ जेठ २० गते भित्र निवेदन दिएको हुँदा निवेदकहरुको माग अनुसारको कित्ताहरुको स्थलगत निरीक्षण गरी जाँचबुझ गर्दा मनासिव देखिएकोले तपसिल बमोजिमका कित्ता जग्गाहरुको भू-उपयोग क्षेत्र परिवर्तन गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिल**

| क्र.स. | वडा न. | नक्सा सि.न. | कित्ता न. | क्षेत्रफल | भएको | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| १ | ३ | सामुङ भगवतीपुर ४ झ | ६४३ | ०-३-३-३ | सार्वजनिक | आवास |
| २ | ३ | सामुङ भगवतीपुर ४ झ | १०११ | ४-१-०-२ | सार्वजनिक | आवास |
| ३ | ६ | भिमाद १ ख | २४० | ०-२-०-० | सार्वजनिक | आवास |
| ४ | ३ | सामुङ भगवतीपुर ४ झ | ६१४ | ०-३-३-३ | सार्वजनिक | आवास |
| ५ | ६ | भिमाद १ ख | २८२ | ०-१-१-० | सार्वजनिक | आवास |
| ६ | ६ | भिमाद १ ख | ७३६ | ०-२-०-३ | छुट भएको | आवास |
| ७ | ८ | भानुमती ३ क | ९९ | ४-१३-३-१ | सार्वजनिक | आवास |
| ८ | ७ | भिमाद २ ग | ६०१ | ०-३-२-२ | छुट भएको | आवास |
| ९ | ६ | भिमाद १ ङ | ६४३ | ०-२-०-२ | सार्वजनिक | आवास |
| १० | ६ | भिमाद १ ङ | ९७० | ०-१-३-१ | छुट भएको | आवास |
| ११ | ६ | भिमाद १ घ | ६११ | १-५-०-१ | छुट भएको | आवास |
| १२ | ९ | भानुमती ८ घ | १३ | १-९-३-० | वन जङ्गल | आवास |
| १३ | ६ | भिमाद १ ख | २४८ | ०-४-०-० | सार्वजनिक | आवास |
| १४ | ६ | भिमाद १ ङ | ८५८ | ०-०-२-० | छुट भएको | आवास |
| १५ | ६ | भिमाद १ ङ | १०७२ | ०-१४-१-१ | कृषी | आवास |
| १६ | ६ | भिमाद १ ङ | ५९३ | ०-१-१-० | सार्वजनिक | आवास |
| १७ | ६ | भिमाद १ ङ | १०७३ | १-१-०-३ | कृषी | आवास |
| १८ | ६ | भिमाद १ ङ | ११४० | ०-२-०-१ | सार्वजनिक | आवास |
| १९ | ६ | भिमाद १ ङ | ११३८ | ०-२-०-१ | सार्वजनिक | आवास |
| २० | ६ | भिमाद १ ङ | ८५१ | ०-१-०-२ | कृषी | आवास |
| २१ | ६ | भिमाद १ ङ | ४५२ | ०-९-१-१ | कृषी | आवास |
| २२ | ६ | भिमाद १ ङ | ४३० | ०-१-३-३ | छुट भएको | आवास |
| २३ | ६ | भिमाद १ ङ | ९३२ | ०-११-०-० | कृषी | आवास |
| २४ | ६ | भिमाद १ ङ | ९५ | ०-४-१-० | सार्वजनिक | आवास |
| २५ | ६ | भिमाद १ ङ | ६५७ | ०-३-३-० | छुट भएको | आवास |
| २६ | ३ | सामुङ भगवतीपुर ९ घ | ३६४ | ३-६-०-३ | कृषी | आवास |

| क.स. | वडा न. | नक्सा सि.न. | कित्ता न. | क्षेत्रफल | भएको | हुनुपर्ने |
|---|---|---|---|---|---|---|
| २७ | २ | अरुणोदय १ ख | १७३ | १-७-३-२ | सार्वजनिक | कृषी |
| २८ | २ | अरुणोदय १ ख | ८९ | ०-१४-०१-३ | सार्वजनिक | कृषी |
| २९ | २ | अरुणोदय १ ख | ३९३ | ०-१२-०-० | सार्वजनिक | कृषी |
| ३० | २ | अरुणोदय ९ च | १६६ | ०-६-२-३ | सार्वजनिक | आवास |
| ३१ | २ | अरुणोदय ९ च | ३४ | २-९-१-२ | सार्वजनिक | आवास |
| ३२ | ६ | भिमाद १ ङ | १६५९ | ०-२-०-३ | सार्वजनिक | आवास |
| ३३ | ६ | भिमाद १ ङ | ८५३ | ०-१-१-२ | छुट भएको | आवास |
| ३४ | ६ | भिमाद १ ङ | ८५५ | ०-१-०-३ | छुट भएको | आवास |
| ३५ | ६ | भिमाद १ ङ | ९५६ | ०-१-१-१ | छुट भएको | आवास |
| ३६ | ६ | भिमाद १ ङ | ९५२ | ०-०-२-२ | छुट भएको | आवास |
| ३७ | ६ | भिमाद १ ङ | १५९३ | ०-६-२-० | सार्वजनिक | आवास |
| ३८ | ६ | भिमाद १ ङ | १६११ | ०-३-२-१ | सार्वजनिक | आवास |
| ३९ | ६ | भिमाद १ ख | १३६८ | ०-३-३-० | सार्वजनिक | आवास |
| ४० | ५ | सामुङ भगवतीपुर ५ ङ | १९२ | १-१०-२-३ | सार्वजनिक | आवास |
| ४१ | ५ | सामुङ भगवतीपुर ५ ज | ५२ | ३-५-१-३ | सार्वजनिक | आवास |

निर्णय नं. ४

विपद् जन्य घटनाबाट घरबास गुमाउने गरिब तथा विपन्न परिवारलाई वितरण गरिने निजी आवास पुन निर्माण अनुदानलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाउने भिमाद नगरपालिका विपद् वाट प्रभावित गरिब तथा विपन्न परिवारलाई निजी आवास निर्माण अनुदान उपलब्ध गराउने कार्यविधि, २०८२ सर्वसम्मतिबाट निर्णय गरियो ।